## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर, कोशी प्रदेश, नेपाल

# युवा तथा खेलकुद रणनीति, २०८२

मस्यौदा प्रतिवेदन

# विषयसूची


**खण्ड - १: परिचय** १

**१.१ युवा** १

१.१.१ पृष्ठभूमि १

१.१.२ नेपालमा युवाहरुको वर्तमान अवस्था संक्षिप्त झलक १

१.१.३ स्थानीय युवा रणनीतिको आवश्यकता ३

**१.२ खेलकुद** ३

१.२.१ पृष्ठभूमि घ

१.२.२ नेपालमा खेलकुद क्षेत्रको विकास संक्षिप्त झलक ४

१.२.३ नीतिगत व्यवस्था ५

**खण्ड - २: खेलकुद रणनीति** ६

**२.१ नगरपालिकाको खेलकुद सम्बन्धी संक्षिप्त विवरण** ६

**२.२ नगरपालिकाको खेलकुद रणनीति** ७

२.२.१ प्रमुख सम्भावना र अवसर ७

२.२.२ प्रमुख समस्या र चुनौती ८

२.२.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ८

**खण्ड - ३: युवा रणनीति** १७

**३.१ नगरपालिकाको युवा सम्बन्धी संक्षिप्त विवरण** १७

**३.२ नगरपालिकाको युवा रणनीति** १७

३.२.१ प्रमुख सम्भावना र अवसर १७

३.२.२ प्रमुख समस्या र चुनौती १८

३.२.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति १८

**खण्ड - ४: विविध** २७

**४.१ संस्थागत व्यवस्था** २७

**४.२ अनुगमन तथा मूल्याङ्कन** २८

**४.३ खारेजी तथा संशोधन** २८

# खण्ड - १: परिचय

## १.१ युवा

### १.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५१ मा राज्यका मूल नीतिहरु सम्बन्धी व्यवस्था गरिएको छ। धारा ५१ को (ञ) ७ मा "राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने" उल्लेख छ भने (ञ) १३ मा स्वास्थ्य सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एंव अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने नीति राज्यको मुल कानूनको रुपमा रहेको संविधान मै व्यवस्था हुनुले राज्यले युवा तथा खेलकुदको विकासको विषयलाई महत्वका साथ आत्मसाथ गरेको बुझिन्छ। संघमा संविधानमा उल्लेखित विषयलाई कार्यान्वयन गराउन वि.सं. २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयका साथै संघीयता कार्यान्वयन पश्चात् सामाजिक विकास मन्त्रालय मार्फत युवा तथा खेलकुदको विकासका क्रियाकलाप संचालन गर्ने व्यवस्था नेपाल सरकारले गरेको छ । अर्कोतर्फ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (क) बमोजिम स्थानीय सरकारले संघ र प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार अन्तर्गत खेलकुद विकास सम्बन्धी अधिकारहरुको उल्लेख गरेको छ । त्यसैगरी युवासँग सम्बन्धित स्पष्ट उल्लेख नभए तापनि स्थानीय युवाहरुका आम सवालहरु जस्तै मौलिक हक, रोजगारी, शिक्षा लगायतका आयामहरुमा स्थानीय सरकारले नै जिम्मेवारी लिनुपर्ने भएकाले समग्र युवा तथा खेलकुदको क्षेत्रको सर्वाङ्गीण विकासका लागि यस नगरपालिकाले एक दीर्घकालीन रणनीति निर्माण गर्न आवश्यक देखिएकोले यो रणनीति तयार पारिएको हो ।

### १.१.२ नेपालमा युवाहरुको वर्तमान अवस्था संक्षिप्त झलक

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार नेपालमा ४२.५६ प्रतिशत १६ देखि ४० वर्ष उमेर समूहका सक्रिय युवाहरुको जनसंख्या रहेको छ। यो तथ्याङ्कले नेपालमा मात्र प्राप्त हुने जनसांख्यिक लाभांशको स्पष्ट संकेत गर्दछ। यस प्रकारको जनसांख्यिक लाभांशको सही र उचित समयमै सदुपयोग गरेर विकसित मुलुकहरुले विकासमा फड्को मारेका दृष्टान्तहरु छन् । दिगो विकास लक्ष्य, राष्ट्रिय युवा नीति, २०७२ र यूथ भिजन, २०२५ ले समग्र विकासमा युवाको सक्रिय सहभागिता र व्यक्तिगत विकासमा समेत जोड दिएका छन्। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहका नागरिकहरुलाई युवाको परिभाषामा समेटेको छ । अर्कोतर्फ Youth Vision -2015 ले युवाहरुलाई दुई उमेर समूहमा विभाजन गरी उनीहरुका प्राथमिकताहरु निर्धारण गरेको छ । पहिलो समूह १६ देखि २४ वर्ष र दोस्रो समूह २५ देखि ४० वर्ष । तर, संयुक्त राष्ट्र संघ र विश्व बैङ्कले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा जनसंख्या भनि परिभाषित गरेको छ। ***(स्रोत: यूथ भिजन-२०२५)***

युवा तथा खेलकुद मन्त्रालयद्वारा प्रकाशन हुने "युवा-२०७९" म्यागाजिनमा उल्लेख भए बमोजिम विश्व युवा विकास सूचाङ्कमा निकै पछाडि अर्थात १४५औं स्थानमा रहेको छ । दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचाङ्क सबै भन्दा कमजोर देखिन्छ ।

## "राष्ट्रिय युवा नीति २०७२"

युवा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणका संवाहक र अग्रदुत हुन्, यसर्थ राष्ट्रको अमूल्य सम्पत्ति समेत हुन् । युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरुको परिपूर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानव अधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह अस्तित्व, जाति भाषा, सँस्कृति र वातावरणीय सम्पदाको संरक्षण र सम्बर्द्धता जस्ता आधारभूत मूल्य मान्यताहरुको प्रवर्द्धन गर्न वि.सं. २०६६ सालमा राष्ट्रिय युवा नीति जारी गरिएकोमा उक्त नीतिमै उल्लेख भए बमोजिम पाँच वर्ष पछि उक्त नीतिलाई पुनरावलोकन गरी राष्ट्रिय युवा नीति, २०७२ जारी गरिएको छ । यस युवा नीतिले राष्ट्र निर्माणमा युवाको भूमिका विस्तार गर्ने, युवालाई राष्ट्रप्रति उत्तरदायी र जवाफदेही बनाउने, उनीहरुमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमता विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्ने, श्रमको सम्मान गर्ने सु-सँस्कृत र दक्ष युवा तयार गर्ने, आधारभूत अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको संवाहक शक्तिको रुपमा स्थापित गर्ने, शिक्षा आर्जन र वृत्ति विकासमा रहेका युवालाई सघाउने र प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा परेका युवालाई सकारात्मक विभेदका माध्यमबाट विकासको मूल प्रवाहमा ल्याउने प्रमुख ७ उद्देश्यहरु तय गरिएका छन् ।

उपरोक्त उद्देश्य हासिल गर्न शिक्षा, रोजगारी, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा सशक्तिकरण तथा नेतृत्व विकास युवा सहभागिता तथा परिचालन, कला, साहित्य, सँस्कृति, खेलकुद र मनोरञ्जन, दुर्व्यसन नियन्त्रण, मानव तस्करी तथा बेचविखन नियन्त्रण, अपराध तथा हिंसामा संलग्न युवाहरुको सुधार तथा पुर्नउत्थान, वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता, विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच, दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभागिता, समविकास, विशेष समूहगत प्राथमिकता र साझेदारी गरेर बहुआयमिक उपक्षेत्रगत आधारमा नीति, रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

## यूथ भिजन २०२५

नेपाली युवा वर्गका यावत सवालहरुलाई सम्बोधन गरी राष्ट्र निर्माणमा युवाको सहभागिता र भूमिका अभिवृद्धि गर्न निर्माण गरिएको "**राष्ट्रिय युवा नीति २०७२**" को प्रभावकारी कार्यान्वयन गर्न राष्ट्रिय युवा परिषद् मार्फत सम्बन्धित मन्त्रालय, सरकारी, गैर सरकारी तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय निकायहरुलाई परिचालन गरी आपसी समन्वय र सहकार्य मार्फत नीतिका उद्देश्यहरु हासिल गर्ने उद्देश्यले यूथ भिजन २०२५ तयार गरिएको थियो । यो एउटा रणनैतिक १० वर्षे कार्ययोजना हो । यसका पाँच मूल उद्देश्यहरु रहेका छन् ।

१) दश वर्षका लागि युवा विकासको दुरदृष्टि र सूचकहरु तयार पार्ने ।

२) दश वर्षका लागि मूख्य रणनीति र स्तम्भहरु तयार पार्ने ।

३) राष्ट्रिय युवा नीति २०७२ ले तय गरेका उद्देश्य हासिल गर्न मार्ग दर्शन गर्ने ।

४) युवाका प्रमुख समस्या, चुनौती र अवसरहरु पहिचान गरी सोही बमोजिम कार्यक्रम तय गर्ने ।

५) सबल, प्रतिस्पर्धी, सक्षम र स्वावलम्बी युवा तयार गरी उनीहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विकासमा एकिकृत गर्ने ।

**यूथ भिजन २०२५** का मार्गदर्शन सिद्धान्त निम्नानुसार रहेका छन् ।

- अधिकारको प्रत्याभूति र दायित्वबोध
- सामुहिक समृद्धि, दिगो विकास र शान्ति
- विविधतामा राष्ट्रिय एकता र सहअस्तित्व
- अनुभव र तथ्यहरुको माध्यमले सत्यको खोजी
- सामाजिक न्याय र समानता
- समावेशिता र समतामूलक विकास
- संरक्षण र प्रवर्द्धन
- सहभागिता र सहकार्य

साथै यसका पाँचवटा स्तम्भहरु रहेका छन् ।

स्तम्भ १ : गुणस्तरीय तथा व्यवसायिक शिक्षा

स्तम्भ २ : रोजगारी, उद्यमशीलता र सीप विकास

स्तम्भ ३ : युवा स्वास्थ्य तथा सामाजिक सुरक्षा

स्तम्भ ४: परिचालन, सहभागिता र नेतृत्व विकास

स्तम्भ ५ : खेलकुद तथा मनोरञ्जन

### १.१.३ स्थानीय युवा रणनीतिको आवश्यकता

स्थानीय वस्तुस्थिति र आवश्यकताका आधारमा स्थानीय युवाहरुको सर्वाङ्गीण विकास गरी युवालाई स्थानीय विकासको मुल आधार बनाउन योजनाबद्ध तरिकाले अगाडि बढ्न आवश्यक देखिएकोले युवा रोजगारी र स्वरोजगारीको विकास गर्न, दक्ष युवा मानव संसाधन तयार गर्न, युवाहरुलाई असल मार्गमा डोऱ्याइ उद्यमशील, श्रमशक्ति र कर्तव्यनिष्ठ तुल्याउन, सामाजिक, आर्थिक, साँस्कृति रुपान्तरणका लागि युवाको भूमिका र सहभागिता सुनिश्चित गर्न र युवालाई स्वावलम्बी र कर्मठ तुल्याउन युवा सम्बन्धी रणनीतिको आवश्यकता रहेको छ ।

## १.२ खेलकुद

### १.२.१ पृष्ठभूमि

नेपालको संविधानले धारा ३९ मा बालबालिकालाई खेलकुद तथा मनोरञ्जनको हकको व्यवस्था गरेको छ भने धारा ५१ (ञ) १३ मा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने नीति राज्यको निर्देशन सिद्धान्त र मूल नीति अन्तर्गत व्यवस्था गरिएको छ । समग्र खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न केन्द्रमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्,

प्रदेशमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ ।

अन्तर्राष्ट्रियस्तरमा खेलको विकास र परिधिलाई सामान्य रुपमा नियाल्दा विकसित राष्ट्रहरुले खेल पर्यटन तथा खेलकुदमा आधारित अर्थतन्त्रको समेत सहारा लिएर प्रगति हासिल गरेको पाइन्छ । यूरोपियन मुलुकमा फुटबल, भारत, पाकिस्तान, अस्ट्रेलिया, ब्रिटेन लगायतका मुलुकमा खेलिने क्रिकेट राष्ट्रिय पहिचान र भाइचाराको दृष्टिबाट मात्र नभएर अर्थतन्त्रको दृष्टिबाट समेत उल्लेखनीय मानिन्छ । नेपालमा समेत खेलकुद क्षेत्रको पर्याप्त सम्भावना भए तापनि यसको समुचित विकास हुन नसक्दा खेलाडीहरुमा व्यवसायिकताको विकास हुन नसक्नुका साथै खेल क्षेत्र तर्फको आकर्षण कमजोर हुँदै गएको पाइन्छ । यद्यपी संविधान लगायत विभिन्न सरकारी संयन्त्रहरुको निर्माण गरी खेल क्षेत्रको विकास गर्न नेपाल सरकार संवेदनशील र सचेत रहेको झल्किन्छ । स्थानीय सरकारको जिम्मेवारीमा संघ, प्रदेश र स्थानीय सरकारको साझा सरोकारको रुपमा रहेको खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि यस नगरपालिकाले दिर्घकालिन रणनीति तयार गरेको हो ।

### १.२.२ नेपालमा खेलकुद क्षेत्रको विकास संक्षिप्त झलक

नेपालमा परम्परागत खेल खेल्ने प्रचलन अनौपचारीक तवरले परापूर्वकाल देखिनै रहँदै आएको भए तापनि वि.सं. २०१५ सालमा राष्ट्रिय खेलकुद परिषद्को स्थापना भए पश्चात् यसले संस्थागत स्वरुप ग्रहण गरेको थियो । पछि २०२१ सालमा खेलकुद क्षेत्रको संस्थागत विकास गर्न राष्ट्रिय खेलकुद परिषद् ऐन, २०२१ जारी गरियो । यसरी स्थापना भएको राष्ट्रिय खेलकुद परिषद्मा हाल देशभर करिब १ हजार प्रशिक्षक र कर्मचारी कार्यरत रहेका छन् । नेपालले सन् १९५१ देखि एसियाली खेलकुदमा, सन् १९६४ देखि ओलम्पिक खेलकुद र सन् १९८४ देखि दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागिता जनाउँदै आएको छ । हाल नेपालमा संचालन हुने प्रमुख खेलकुद प्रतियोगिताहरु यस प्रकार छन् ।

१) **राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता :** यो प्रतियोगिता देशका सबै नगरपालिकाहरुमा आयोजना गरिन्छ । यस प्रतियोगितामा १८ वर्ष मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययन गर्ने छात्र/छात्राहरु सहभागी हुन पाउने व्यवस्था छ । यो खेलमा भलिबल, कबड्डी, एथलेटिक्स, कराँते, सितेरियो, तेक्वान्दो, उसु खेल समावेश गरिएको छ । गाउँपालिका तथा नगरपालिकाबाट छनोट हुँदै जिल्ला, प्रदेशबाट संघ सम्म प्रतियोगिता संचालन हुन्छ ।

२) **उप-राष्ट्रपति चिल्ड्रेन कप :** राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा विद्यालयलाई खेलकुद र खेलाडीको उद्गम स्थलका रुपमा विकास गर्न कक्षा ६, ७ र ८ मा अध्ययनरत १४ वर्ष मुनिका बालबालिकाहरुलाई लक्षित गरेर राष्ट्रपति रनिङ शील्डकै तरिकाले यस प्रतियोगिताको आयोजना गरिन्छ ।

३) महिला लक्षित प्रतियोगिताहरु खेल क्षेत्रमा महिलाको सहभागिता अभिवृद्धि गर्न राष्ट्रिय खेलकुद परिषद्बाट उपराष्ट्रपति महिला लिग फुटबल प्रतियोगिता, सभामुख कप राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिता, सहाना स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता जस्ता खेलकुद प्रतियोगिता संचालन भैरहेका छन् ।

४) **राष्ट्रिय खेलकुद प्रतियोगिता :** नेपालमा २०३८ साल देखि राष्ट्रिय खेलकुद प्रतियोगिता थालनी भएको थियो । यसपूर्व अञ्चलगत हिसाबले हुने प्रतियोगिता संघीयता कार्यान्वयन पश्चात ७ प्रदेश साथै तीन विभागीय टिम र (नेपाल प्रहरी, नेपाली सेना र ए.पि. एफ) र गैह्र आवसीय नेपाली संघ र (

एन.आर.एन.ए) गरी एघार टिमलाई सहभागी गराइन्छ । हाल सम्म जम्मा ८ वटा राष्ट्रिय प्रतियोगिताहरु सम्पन्न भएका छन् ।

*श्रोत :- (नेपालमा खेलकुद क्षेत्रको आधारभूत जानकारी एवं लैङ्गिक हिंसा विरुद्ध सहजीकरण पुस्तिका २०७८, युवा तथा खेलकुद मन्त्रालय)*

### १.२.३ नीतिगत व्यवस्था

नेपाल सरकारले “राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद र सबैका लागि खेलकुद” को अवधारणालाई साकार पार्न वि.सं. २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरेको थियो। यस मन्त्रालयले युवाको समग्र विकास तथा परिचालन साथै खेलकुद क्षेत्रको विकासका लागि नीति निर्माण गर्ने, सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानहरु गर्ने पूर्वाधार विकास, संरक्षण, खेलाडीहरुको प्रशिक्षण तथा प्रोत्साहन गर्दै आइरहेको छ। मन्त्रालय र यस अन्तर्गतका निकायहरुलाई समन्वय र नियमन गर्न खेलकुद विकास ऐन २०४८, राष्ट्रिय खेलकुद विकास नियमावली २०७९, राष्ट्रिय खेलकुद नीति २०६७, राष्ट्रिय खेलकुद पुरस्कार तथा सम्मान कार्यविधी २०७२, राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता संचालन निर्देशिका, २०७४ र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ जस्ता ऐन नियमहरु कार्यान्वयनमा आइसकेको छन् ।

# खण्ड – २: खेलकुद रणनीति

## २.१ नगरपालिकाको खेलकुद सम्बन्धी संक्षिप्त विवरण

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ। विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ। उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन्। छिमेकी राष्ट्र भारत समेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ। पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आबद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ। नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ।

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ । यस नगरपालिकामा खेलिने खेल मध्ये प्रमुख खेल क्रिकेट, ब्याडमिन्टन, फुटबल र भलिबल भएको पाइन्छ। यसका अलावा नगरपालिकामा एथ्लेटिक्सतर्फ हेन्ड बल, साइक्लिङ लगायतका खेलहरुमा समेत यो नगरपालिका अग्रपंत्तिमा रहेको छ। यस नगरपालिकाबाट विभिन्न खेल मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादन हुने गरेको पाइन्छ।

जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुद सम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट देशमा पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ। खेलकुद विकासको लागि खेल मैदानदेखि आवश्यक खेलकुद सामग्रीको आवश्यकता पर्दछ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार चौदण्डीगढी नगरपालिकाभित्र १५ देखि ५९ वर्ष सम्मका सकृय यूवाको संख्या ३२,९५० अर्थात ६१.४४ प्रतिशत रहेको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन्। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो।

व्यक्तिको सर्वाङ्गिण विकासमा खेलकुदको महत्वपूर्ण भूमिका हुन्छ। अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ। हाल नगरपालिकामा व्यामशाला (जिमखाना), कवर्ड हल, ब्याडमिन्टन कोर्ट, नारदमुनी खेल मैदान-बसाहा वडा नं.४, ब्यामशाला (जिमखाना),

क्रिकेट मैदान (सातधारे), कवर्ड हल, सिरवानी र केचुवा खेल मैदान वडा नं.६, कवर्ड हल र खेल मैदान (सुन्दरपुर), व्यान्डमिन्टन कोर्ट, सिवाही खेल मैदान, खोरिया टोल खेल मैदान वडा नं.५ झोरा पाटा व्याडमिन्टन कोर्ट वडा नं. २, दुवार हांग (श्री पंचमी) खेल मैदान, बन कार्यालय परिसर खेल मैदान, सहिद स्मारक खेल मैदान, देवीस्थान डाँडा खेल मैदान, सगरमाथा खेल मैदान लामेचौर खेल मैदान वडा नं.७, भोर्लेनी खेल मैदान, बँदेल पानी खेल मैदान, राजानागी खेल मैदान, हात्तिसार खेल मैदान वडा नं.३ को खेल मैदान मुख्य रहेका छन् । यसका अलावा विद्यालय हाता भित्र स साना खेलमैदानहरु रहेका छन् ।

नगरपालिकाले युवा तथा खेलकुदका सन्र्दभमा खेलकुद क्षेत्रको विकास गर्न आवश्यक खेलका खेल प्रशिक्षकहरू राखी युवा खेलाडीहरुलाई प्रशिक्षण गर्ने, नगरस्तरीय खेलकुद समितिसँगको समन्वयमा स्थानीय तथा राष्ट्रिय स्तरका खेल प्रतियोगिता सञ्चालन गर्ने, नगरबाट राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा विभिन्न खेलमा सहभागी हुने खेलाडीहरुलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने, दुर्व्यसनमा परेका युवा जनशक्तिहरुलाई समाजमा पुनःस्थापना गराउनका निम्ति विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, वडा खेलकुद समितिलाई प्रभावकारी बनाउँदै वडा तहमै विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्ने लगायतका नीति तथा कार्यक्रमहरु अगाडि सारेको छ ।

## २.२ नगरपालिकाको खेलकुद रणनीति

### २.२.१ प्रमुख सम्भावना र अवसर

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाका विभिन्न वडामा निर्माण गरिएका पक्की भवनहरूलाई दैनिक प्रयोग र जर्गेना गर्न तथा युवाहरूमा भौतिक संरचना प्रति अपनत्व जगाउनका लागि योग तथा व्यायमशालाको रुपमा पनि प्रयोग गर्न सकिने । |
| ▪ नगरपालिकाले नगरस्तरीय खेलकुद समितिसँगको समन्वयमा विविध प्रकारका आन्तरिक तथा बाह्य खेलकुद क्रियाकलापहरु सञ्चालन गर्ने नीति लिएको । |
| ▪ नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरूमा वर्षेनी खेलकुद क्षेत्रको विकासलाई प्राथमिकतामा राख्ने गरेको । |
| ▪ नगरपालिकाका सबै विद्यालय तथा वडाहरूमा आवश्यक खुलाचौर तथा खेलमैदान रहेको । |
| ▪ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने । |
| ▪ युवाहरूलाई लोक संस्कार, सँस्कृतिको संरक्षण र सम्बर्द्धनका संवाहकका रुपमा लिएको यस नगरपालिकाले अन्तर स्थानीय तह स्तरीय/वडास्तरीय कला प्रदर्शन तथा प्रतियोगिताहरू संचालन गर्न सकिने । |
| ▪ नगरपालिकाले राष्ट्रिय तथा नगरस्तरीय खेल प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्य गरिरहेको । |
| ▪ नगरपालिकाले खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व विकास गर्न वडाहरुमा सम्भाव्यताको अध्ययन गरी खेलमैदान निर्माण, व्यायमशाला निर्माण गरी वडास्तरीय खेलकुद गतिविधि सञ्चालन लगायतका क्रियाकलापहरु सञ्चालन गर्ने नीति लिएको । |

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ खेल पूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने । |

### २.२.२ प्रमुख समस्या र चुनौती

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ नगरपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसक्नु । |
| ▪ नगरपालिकामा खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसकेको कारण खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले निरन्तरता पाउन नसक्नु । |
| ▪ नगरपालिकाभर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङ पुल, व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जन स्थलको अभाव हुनु । |
| ▪ नगरपालिकामा खेलकुदको विकास गर्न स्थानीयस्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु । |
| ▪ सिमित बजेटका कारण नगरपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु । |
| ▪ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको । |
| ▪ भौगोलिक अवस्थिति सहज हुँदाहुँदै खेलकुद पूर्वाधारको चाहे जति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको । |
| ▪ खेलकुदप्रति अभिरुची राख्ने तथा प्रतिभावान् खेलाडीहरू शिक्षा तथा रोजगारी लगायतका कारणले नगरपालिका छोड्ने भएकाले उनीहरूलाई फर्काएर टिकाउने कार्य चुनौतीपूर्ण रहेको । |
| ▪ खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको । |
| ▪ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोजस्थल आदिको विकास गर्न कठिन रहेको । |

### २.२.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

| दीर्घकालिन सोच |
|---|
| शारीरिक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण |
| **लक्ष्य** |
| शारीरिक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ नगरपालिकास्तरमा खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गरी सबैका लागि खेलकुदको विकास र विस्तार गर्ने ।<br>✓ नगरपालिकामा हाल रहेका सम्पूर्ण खेलकुद पूर्वाधारको अभिलेख तयार पारी संरक्षण प्रवर्द्धन गर्दै आवश्यक नयाँ पूर्वाधारहरुको विकास गर्ने । |

- ✓ नगरपालिकास्तरमा प्रतियोगिताहरु आयोजना गरी स्थानीय खेलाडीहरुलाई जिल्ला, प्रदेश, संघ हुँदै अन्तर्राष्ट्रिय स्तरसम्म प्रतिस्पर्धा गर्न सक्षम तुल्याउने ।
- ✓ खेलकुद विकासको प्राथमिक विन्दु र आधार क्षेत्रको रुपमा विद्यालयहरुलाई विकास गरी प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्ने ।
- ✓ खेलकुद क्षेत्रलाई व्यक्तित्व विकासका साथै वृत्ति विकासको माध्यम बनाई व्यवसायिकता प्रवर्द्धन गर्ने ।
- ✓ मनोरञ्जनात्मक, परम्परागत र स्थानीय मौलिकता दर्शाउने खेलहरुको संरक्षण र विकास गर्दै मूलधारका खेल आयोजना मार्फत खेल पर्यटन विकास गर्ने ।
- ✓ खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता तथा लगानी अभिवृद्धि गर्न आवश्यक वातावरण निर्माण गरी प्रोत्साहन गर्ने ।
- ✓ खेल अनुशासन कायम राखी खेल चिकित्सा विज्ञानको पूर्ण पालना गर्ने ।

## उद्देश्य १. नगरपालिकास्तरमा खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गरी सबैका लागि खेलकुदको विकास र विस्तार गर्ने ।

**रणनीति** १.१ समाजका विभिन्न तह र तप्का, उमेर समूह, लिङ्ग, क्षेत्र आदिका नागरिकहरुलाई खेलकुदमा समेट्ने ।

**कार्यनीति** १.१.१ पालिकामा खेलकुदमा नियमित रुपमा सहभागी गराउन विभिन्न तह र तप्का, उमेर समूह, लिङ्ग क्षेत्र आदिको पहिचान गरिनेछ ।

१.१.२ यसरी पहिचान भएका क्षेत्र र समूहलाई उपयुक्त हुने खेलको समेत पहिचान र वर्गीकरण गरिनेछ ।

१.१.३ सबै क्षेत्र र समूहलाई समेट्ने गरी वार्षिक पात्रोका आधारमा नियमित खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

१.१.४ खेल क्षेत्रमा महिलाहरुलाई समेट्न महिलाहरुको बढी सहभागिता हुने खेलहरुको योजनाबद्ध विकास र महिला खेलाडी पहिचान गरिनेछ ।

१.१.५ अपाङ्गता भएका व्यक्तिहरुलाई समेट्न उनीहरु सहभागी हुन सक्ने खेलहरुको पहिचान गरी नियमित रुपमा आयोजना गर्ने प्रबन्ध गरिनेछ ।

१.१.६ पालिकाभर रहेका सरकारी विभागीय निकायहरुमा खेलकुदको संस्थागत विकास गर्न संयन्त्र निर्माण गरिनेछ ।

१.१.७ उद्योग, प्रतिष्ठान, निजी क्षेत्र, कारखाना, यातायात क्षेत्र लगायतका क्षेत्रहरुमा Sports Hour (करिब ४५ मिनेट : राष्ट्रिय खेलकुद नीति २०६७ अनुसार) तोक्न अनिवार्य गरिनेछ ।

**रणनीति** १.२ खेलकुद क्षेत्रमा महिला सहभागितालाई विशेष प्राथमिकता दिने ।

**कार्यनीति** १.२.१ जिल्ला, प्रदेश, संघीय र अन्तर्राष्ट्रिय क्षेत्रमा पदक हासिल गरी गौरवशाली खेलाडीको रुपमा स्थापित हुने सम्भावना भएका महिला खेलाडीलाई विशेष प्रोत्साहन र संरक्षण गर्न व्यवसायिकता अभिवृद्धि तथा रोजगारीको सुनिश्चितता गरिनेछ ।

१.२.२ पालिकास्तरमा स्थापना हुने सम्पूर्ण खेल संस्थाहरुमा महिलाहरुको सहभागितालाई प्रोत्साहन गर्न महिला प्रशिक्षक तथा Career Counselor

को प्रबन्ध गरिनेछ ।

१.२.३ विद्यालयका साथै विभिन्न संघ, संस्थाहरुमा कार्यरत महिलाहरुलाई खेल क्षेत्रमा आर्कषण गर्न विशेष कार्ययोजना निर्माण गरिनेछ ।

१.२.४ महिला विशेष खेल प्रतियोगिताहरु नियमित आयोजना गर्न वार्षिक पात्रोको विकास गरिनेछ ।

१.२.५ पालिकास्तरमा निश्चित मापदण्डका आधारमा महिला खेलाडीहरुका लागि आवासीय सुविधाको प्रबन्ध गरिनेछ ।

१.२.६ विद्यालय, विश्वविद्यालय वा उच्च शिक्षा आर्जन गर्न निश्चित मापदण्डका आधारमा उत्कृष्ट महिला खेलाडी विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

**रणनीति**: १.३ मजदुर, श्रमिक तथा कर्मचारीहरुलाई नियमित खेलकुदमा सहभागी हुने वातावरण निर्माण गर्ने ।

**कार्यनीति** :१.३.१ पालिकास्तरमा संचालनमा रहेका हरेक व्यवसायिक तथा औद्योगिक संघ, संस्थाहरुमा कार्यरत कामदार, श्रमिक, कर्मचारीहरुलाई नियमित खेलमा संलग्न गराउन रुची अनुसार क्लव गठन गर्न अभियान संचालन गरिनेछ ।

१.३.२ संस्थागत विकास र नियमित खेल आयोजना गर्न स्थानीय खेल संस्था तथा क्लवहरुलाई प्रोत्साहन गरिनेछ ।

१.३.३ प्रत्येक उद्योग कलकारखाना तथा तत्, तत् क्लवहरुमा खेलकुद कोषको स्थापना गर्न सहजिकरण गरिनेछ ।

१.३.४ पालिकास्तरमा औपचारिक क्षेत्रका श्रमिक तथा सरकारी विभागीय टोलीहरु निर्माण गर्न सहजिकरण गरिनेछ ।

१.३.५ विभिन्न क्षेत्र र समूहमा उत्कृष्ट ठहरिएका खेलाडीहरुको Track Record का आधारमा मूलधारका क्लवहरुमा आबद्ध गराउन नगरपालिकाले विशेष पहल गर्नेछ ।

१.३.६ विभिन्न समूह, क्षेत्रस्तरीय वार्षिक खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ ।

**रणनीति** : १.४ ज्येष्ठ नागरिकहरुको जीवनलाई थप सार्थक र मनोरञ्जनात्मक बनाउन खेलमा प्रत्साहन गर्ने ।

**कार्यनीति** :१.४.१ खेल तथा शारीरिक तन्दुरुस्तीमा विशेष रुची भएका ज्येष्ठ नागरिकहरुको वडागत विवरण संकलन गरिनेछ ।

१.४.२ ज्येष्ठ नागरिकलाई उपयुक्त हुने खेलहरुको वर्गीकरण गरिनेछ ।

१.४.३ प्रत्येक वडामा योग, ध्यान, व्यायाम तथा प्रशिक्षक केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१.४.४ वडास्तरीय ज्येष्ठ नागरिक विशेष खेलहरुको नियमित आयोजना गरिनेछ ।

१.४..५ ज्येष्ठ नागरिक खेलकुद क्लव गठन गर्न सहजिकरण गरिनेछ ।

**उद्देश्य २. नगरपालिकामा हाल रहेका सम्पूर्ण खेलकुद पूर्वाधारको अभिलेख तयार पारी संरक्षण प्रवर्द्धन गर्दै आवश्यक नयाँ पूर्वाधारहरुको विकास गर्ने ।**

**रणनीति** : २.१ पालिकास्तरमा रहेका सम्पूर्ण खेल पूर्वाधार संरक्षण तथा नयाँ निर्माण गर्ने ।

**कार्यनीति** :२.१.१ पालिकामा रहेका सम्पूर्ण सार्वजनिक खेल मैदान तथा खुल्ला, स्थान, पार्क आदिको पूर्ण लगत तयार पारिनेछ ।

२.१.२ यस्ता सार्वजनिक स्थलहरुको दीर्घकालीन संरक्षण योजना निर्माण गरी लागु गरिनेछ ।

२.१.३ नियमित मर्मत सम्भार र संरक्षण गर्न एक खेलकुद पूर्वाधार विकास कोषको निर्माण गरिनेछ ।

२.१.४ आवश्यकताका आधारमा स्थानीय र राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा पहिचान राख्न सक्ने खेलको प्रवर्द्धन हुने खेलकुद पूर्वाधारलाई प्रथमिकता दिई नयाँ निर्माण गरिनेछ ।

२.१.५ नयाँ निर्माण गर्ने खेलकुद पूर्वाधारको पूर्व सम्भाव्यता अध्ययन पश्चात डि.पि.आर तयार गरिनेछ ।

२.१.६ भौतिक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई आर्कषण गर्न नियमित अन्तरक्रिया गरिनेछ ।

२.१.७ वडास्तरीय खेल मैदानहरु क्रमश विकास गर्दै लगिनेछ ।

२.१.८ एक नगरपालिकास्तरीय रंगशालाको निर्माण गरिनेछ ।

२.१.९ प्रत्येक सामुदायिक विद्यालयमा रहेका खेल मैदानहरुलाई विद्यार्थी संख्याका आधारमा क्रमश स्तरोन्नति गरिनेछ ।

२.१.१० वडास्तरीय उत्कृष्ट, खेलकुद क्लवहरुलाई पूर्वाधार विकास र खेल सामाग्री खरिद गर्न मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ ।

२.१.११ टोल टोलमा सामूहिक पहलमा नियमित खेल खेल्ने समूह तथा क्लवलाई पूर्वाधार विकास र खेल सामाग्री खरिदमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ ।

२.१.१२ पालिकाका सार्वजनिक स्थलहरुलाई मर्निङ वाक, शारीरिक व्यायामस्थल तथा साधारण शैर वा दौड गर्न उपयुक्त स्थलका रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी निर्माण र स्तरोन्नतिका लागि डि.पि.आर तयार गरिनेछ ।

२.१.१३ वडास्तरमा बालबालिकाका लागि क्रिडास्थलको रुपमा Children's Park को विकास गर्न सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रसँग अन्तरक्रिया आयोजना गरिनेछ ।

२.१.१४ क्रमश वडास्तरीय कर्वड हलको स्थापना गरिनेछ ।

२.१.१५ निजी शैक्षिक संस्थाहरुले अनिवार्य खेल मैदानको प्रवन्ध गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

२.१.१६ स्थानीयस्तरमा गुणस्तरीय खेल सामाग्री उत्पादन गर्ने उद्योगलाई मापदण्डका आधारमा विशेष सहुलियतको प्रवन्ध गरिनेछ ।

२.१.१७ खेलकुद सम्बन्धी नियमित समाचार र सूचना आदान प्रदान गर्न नगरपालिकास्तरीय मिडिया सेन्टर स्थापना गरी सम्पूर्ण खेलकुद पत्रकारलाई संगठित गरिनेछ ।

**उद्देश्य ३. नगरपालिकास्तरमा प्रतियोगिताहरु आयोजना गरी स्थानीय खेलाडीहरुलाई जिल्ला, प्रदेश, संघ हुँदै अन्तराष्ट्रिय स्तरसम्म प्रतिस्पर्धा गर्न सक्षम तुल्याउने ।**

रणनीति ३.१ हरेक क्षेत्र तथा समूहहरुमा खेलकुद क्रियाकलाप नियमित गर्न पात्रोको विकास गरी खेलकुद प्रतियोगिता तथा प्रशिक्षण आयोजना गर्ने ।

कार्यनीति ३.१.१ अतिरिक्त शैक्षिक क्रियाकलाप अन्तर्गत प्रत्येक विद्यालयमा नियमित खेलकुद क्रियाकलाप तथा अभ्यास प्रशिक्षण कार्यक्रम संचालन गर्न (क्यालेण्डर) पात्रोको विकास गरी कार्यान्वयन गरिनेछ ।

३.१.२ विद्यालय बाहिर नगरपालिकास्तरमा रहेका युवा क्लवहरुको खेलकुद नियमित गर्न पात्रोमा आधारित प्रतियोगिता तथा खेल अभ्यास संचालन गरिनेछ ।

३.१.३ विद्यालयस्तरीय खेलकुद सप्ताहको आयोजना गरिनेछ ।

३.१.३ पालिकाको युवा तथा खेलकुद शाखा तथा नगरपालिकास्तरका खेल सम्बन्ध संस्था, समिति क्लवहरुको समन्वयमा नियमित संचालन हुने खेल तालिका प्रकाशन गरिनेछ ।

३.१.४ पालिकास्तरीय खेलकुद सप्ताह मनाउने व्यवस्था मिलाइनेछ ।

३.१.५ विभिन्न समय र स्थानमा खेलकुद मेला आयोजना गर्ने प्रवन्ध गरिनेछ ।

३.१.६ अन्तर विद्यालय खेल प्रतियोगिता आयोजना गरिनेछ ।

३.१.७ अन्तर वडास्तरीय खेलकुद क्लवमा आधारित प्रतियोगिताहरु संचालन गरिनेछ ।

३.१.८ विभिन्न तहमा भाग लिने खेलाडीहरुलाई स्तर अनुसार प्रशिक्षण र अभ्यास खेलहरुको नियमित आयोजना गरिनेछ ।

३.१.९ पालिकास्तरीय प्रशिक्षक र खेलाडीहरुको प्रोफाइल तयार गरिनेछ ।

३.१.१० अपाङ्ग तथा सुस्त मनस्थिती भएका खेलाडीहरुका लागि विशेष खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

३.१.११ खेलकुद प्रतियोगिता र खेल क्षेत्रलाई व्यवस्थित र नियमित गर्न नगरपालिकास्तरीय खेलकुद विकास समिति गठन गरि वडास्तरमा समितिहरु विस्तार गरिनेछ ।

३.१.१२ पालिकास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न र समग्र खेल क्षेत्रलाई संस्थागत गर्न बृहत खेलकुद विकास कोषको स्थापना गरिनेछ ।

३.१.१३ राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम खेलाडी उत्पादन गर्ने अभियान संचालन गरिनेछ ।

**उद्देश्य ४. खेलकुद विकासको प्राथमिक बिन्दु र आधार क्षेत्रको रुपमा विद्यालयहरुलाई विकास गरी प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्ने ।**

रणनीति ४.१ विद्यालयलाई प्रतिभा खोजि केन्द्रको रुपमा लिई प्रतिभा खोजी अभियान संचालन गर्ने ।

कार्यनीति ४.१.१ हरेक विद्यालयमा विभिन्न उमेर समूहबाट प्रतिभा पहिचान गर्ने उद्देश्यले प्रतिभा मापन मापदण्ड निर्माण गरि सूचकका आधारमा प्रतिभा पहिचान गरिनेछ ।

४.१.२ हरेक वर्ष नव प्रतिभाको खोजी साथै पहिचान भएका प्रतिभावान खेलाडीहरुको व्यक्तिगत विवरण तयार गरिनेछ ।

४.१.३ निश्चित मापदण्डका आधारमा प्रतिभावान खेलाडीलाई विशेष सहयोग र प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

४.१.४ प्राप्त अनुदान खेलाडीको क्षमता विकास, शारीरिक तन्दुरुस्ती र शैक्षिक क्रियाकलापहरुमा प्रयोग गर्ने अनिवार्य प्रवन्ध गरिनेछ ।

४.१.५ विद्यालय, वडा तथा नगरपालिकास्तरमा विभिन्न विधाका खेलमा उत्कृष्ट खेलाडी पुरस्कारको व्यवस्था गरिनेछ ।

४.१.६ प्रत्येक विद्यालयमा सम्भाव्यता र आवश्यकताका आधारमा खेल प्रशिक्षकहरुको प्रबन्ध गरिनेछ ।

४.१.७ पालिकास्तरीय विशेष प्रतिभा पहिचान, विकास र संरक्षण विशेष परियोजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

४.१.८ स्थानीय पाठ्यक्रममा खेलकुद र शारीरिक शिक्षालाई अनिवार्य लागु गरिनेछ ।

४.१.९ प्रत्येक विद्यालयमा खेलकुदका न्यूनतम समाग्री र पूर्वाधार निर्धारण गरी क्रमश : वितरण र निर्माण गरिनेछ ।

४.१.१० विभिन्न उमेर समूहमा खेलका विधा अनुसार विद्यालयस्तरीय विद्यार्थीहरुको टिम गठन गरिनेछ ।

४.१.११ प्रत्येक विद्यालयमा खेलकुदका लागि विशेष र नियमित समय किटान गरिनेछ ।

४.१.१२ नियमित प्रतियोगिता र शैक्षिक क्रियाकलापहरु बिच तालमेल हुने गरी शैक्षिक पात्रोको निर्माण गरी नगरपालिकाभर समान रुपले लागु गरिनेछ ।

४.१.१३ उत्कृष्ट खेलाडी र प्रतिभाहरुको पहिचान पश्चात उनीहरुका अभिभावकहरुलाई विशेष Counseling र खेलाडीलाई Career Counseling को व्यवस्था गरिनेछ ।

**उद्देश्यः ५. खेलकुद क्षेत्रलाई व्यक्तित्व विकासका साथै वृत्ति विकासको माध्यम बनाई व्यवसायिकता प्रवर्द्धन गर्ने ।**

**रणनीति** ५.१ खेलकुदमा व्यवसायिकता विकास गर्न विशेष कार्ययोजना निर्माण गर्ने ।

**कार्यनीति** ५.१.१ विभिन्न उमेर समूहका खेलाडीहरुलाई नियमित रुपमा Sport Career तथा व्यावसायिक खेलकुदबारे पर्याप्त जानकारी गराउन एक नगरपालिकास्तरीय खेलकुद प्रतिष्ठानको व्यवस्था गरिनेछ ।

५.१.२ प्रतिष्ठान मार्फत नियमित रुपमा खेलाडीहरुलाई व्यवसायिकता अभिबृद्धि गर्ने सीप गुणहरुको विकास गर्न प्रशिक्षण प्रदान गरिनेछ ।

५.१.३ खेलाडी परिचयपत्र वितरण गरिनेछ ।

५.१.४ खेलाडीहरुलाई समय समयमा विशेष उत्कृष्ट राष्ट्रिय खेलाडीबाट Motivational कार्यक्रम संचालन गरिनेछ ।

५.१.५ व्यवसायिकता अभिवृद्धिका बाधक र चुनौतिका बारेमा अध्ययन गरी प्रतिवेदनका आधारमा कार्ययोजना निर्माण गरिनेछ ।

५.१.६ खेलाडीहरुको जीविकोपार्जनका लागि सीप तथा दक्षता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

५.१.७ उत्कृष्ट खेलाडीहरुलाई मापदण्डका आधारमा सहयोग र प्रोत्साहन गर्न एक "खेलाडी कल्याणकारी कोषको" प्रबन्ध गरिनेछ ।

५.१.८ पालिकाबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गौरवशाली प्रतिनिधित्व गर्दै खेल्ने खेलाडीको सम्पूर्ण शैक्षिक खर्च मापदण्डका आधारमा नगरपालिकाले व्यहोर्ने प्रबन्ध गरिनेछ ।

५.१.९ पालिकामा उत्कृष्ट ठहरिएका खेलाडीहरुलाई पर्यटन प्रवर्द्धन तथा सामाजिक जीवनका क्षेत्रमा सद्भावना राजदुत घोषणा गर्ने प्रबन्ध गरिनेछ ।

५.१.१० खेल क्षेत्र तथा खेलाडीको विकासका लागि निश्चित रकम तिरेर रंगशालामा खेल हेर्ने सँस्कृतिको विकास गर्न दीर्घकालीन योजना निर्माण गरी लागु गरिनेछ ।

५.१.११ खेलाडीहरुलाई खेलबाट आर्जन गर्न सकिने विश्वास दिलाई दृष्टान्त प्रस्तुत गरिनेछ ।

५.१.१२ पालिकाबाट अन्तराष्ट्रिय खेलमा पदक विजेता खेलाडीलाई विशेष भत्ताको व्यवस्था गरिनेछ ।

५.१.१३ पालिकाको खेल क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न तहका प्रशिक्षक, विज्ञ, चिकित्सक, मनोविज्ञान, आयोजक, पत्रकार, आदिलाई नियमित सम्मान गरिनेछ ।

५.१.१४ प्रत्येक विद्या र खेलस्तरीय उत्कृष्ट खेलाडी पुरस्कारको प्रबन्ध गरिनेछ ।

५.१.१५ प्रतिभावान खेलाडीलाई नगरपालिकाले रोजगारीको व्यवस्था गर्नेछ ।

५.१.१६ क्लवहरु संचालन गर्ने व्यवसायिक घरनाहरुलाई विशेष सम्मान, सहुलियत र प्रोत्साहन गरिनेछ ।

**उद्देश्य ६. मनोरञ्जनात्मक, परम्परागत र स्थानीय मौलिकता दर्शाउने खेलहरुको संरक्षण र विकास गर्दै मूलधारका खेल आयोजना मार्फत खेल पर्यटन विकास गर्ने ।**

**रणनीति** ६.१ परम्परागत तथा मौलिकता प्रवर्द्धन गर्ने सामुहिक मनोरञ्जन गर्ने खेलहरुको संरक्षण र विकास गर्ने ।

**कार्यनीति** ६.१.१ पालिकास्तरमा परम्परागत हिसाबले खेलिदै आएका खेलहरुको Inventory तयार गरिनेछ ।

६.१.२ ठूलो आमदर्शकलाई सामूहिक मनोरञ्जन प्रदान गर्ने खेलहरुको संरक्षण गर्न समिति बनाइनेछ ।

६.१.३ विशेष समारोह र अवसरमा आयोजना हुने यस्ता खेल जस्तै कुस्ती, पहलमान जुधाइ वा दौड इत्यादीको संरक्षण गर्न अनुदानको प्रवन्ध गरिनेछ ।

६.१.४ यी परम्परागत खेललाई नियम र मानकहरु निर्माण गरी संस्थागत गरिनेछ ।

६.१.५ यस्ता खेलमा संलग्न खेलाडीहरुको निश्चित मापदण्डका आधारमा जीविकोपार्जन योजना निर्माण गरी उनीहरुलाई टेवा पुऱ्याइनेछ ।

**रणनीति** ६.२ मूलधारको खेलको विकास मार्फत खेल पर्यटनको विकास गर्ने ।

कार्यनीति ६.२.१ राष्ट्रिय तथा अन्तराष्ट्रिय मूलधारका खेलहरुलाई नगरपालिकामा नियमित आयोजना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

६.२.२ फुटबल, भलिबल, क्रिकेट वा अन्य खेलहरुको सम्भाव्यता हेरी सोको आयोजना गर्न रंगशालाको प्रबन्ध गर्न अध्ययन गरिनेछ ।

६.२.३ पालिकामा खेल क्षेत्रका विज्ञ, उत्कृष्ट खेलाडी, पूर्व खेलाडी लगायत खेल सम्बद्ध सबैलाई समेटेर खेलकुद विकास गुरुयोजना निर्माण गरी खेल पर्यटनलाई प्राथमिकता दिइनेछ ।

६.२.४ खेल दर्शकको चाप र बसोबासका बारेमा अध्ययन गरी सो को प्रबन्ध गरिनेछ ।

६.२.५ स्थानीय युवा क्लवहरुको सहयोगमा बृहत खेलकुद स्वयंसेवक दस्ता तयार गरिनेछ ।

६.२.६ पालिकामा लोकप्रियताका आधारमा खेलको वर्गीकरण गरी प्राथमिकता निर्धारण गरिनेछ ।

**उद्देश्य ७: खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता तथा लगानी अभिबृद्धि गर्न आवश्यक वातावरण निर्माण गरी प्रोत्साहन गर्ने ।**

रणनीति ७.१ खेलकुद प्रवर्द्धनमा निजी क्षेत्रको भूमिका बृद्धि गरी सहकार्य गर्ने ।

कार्यनीति ७.१.१ खेलकुद पूर्वाधार विकास, प्रतियोगिता आयोजना तथा खेलाडी उत्पादनमा निजी क्षेत्रको भूमिका स्पष्ट पार्न नियमित अन्तरक्रिया आयोजना गरिनेछ ।

७.१.२ निजी स्तरबाट सञ्चालन हुने फुट्सल, जिम, फिटनेस सेन्टर आदिलाई नियमन गर्ने संयन्त्र निर्माण गर्ने गरिनेछ ।

७.१.३ उत्कृष्ट तर आर्थिक रुपले विपन्न खेलाडीलाई नगरपालिकाको संरक्षणमा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्राप्त गर्न विशेष पहल गरिनेछ ।

७.१.४ चिल्ड्रेन पार्क, व्यायामघर, पौडी पोखरी आदि सञ्चालन गर्ने निजी क्षेत्रलाई प्रोत्साहन, सहुलियत र नियमन गर्न कार्यविधि र संयन्त्र निर्माण गरिनेछ ।

७.१.५ स्थानीय व्यापारिक तथा औद्योगिक, घटनाहरुलाई उत्कृष्ट खेल क्लवलाई प्रायोजन गर्न विशेष आग्रह र अन्तरक्रिया गरी उनीहरुको सम्मान गरिनेछ ।

७.१.६ यस्ता व्यापारिक, घरनाहरुलाई मापदण्डका आधारमा विशेष सहुलियत प्रदान गरिनेछ ।

**उद्देश्य ८. खेल अनुशासन कायम राखी खेल चिकित्सा विज्ञानको पूर्ण पालना गर्ने ।**

रणनीति ८.१ खेल अनुशासन कायम गर्ने ।

कार्यनीति ८.१.१ खेल क्षेत्रमा हुन सक्ने अनुशासनहिन क्रियाकलापहरुको अध्ययन गरि सो निराकरणका उपायहरु पहिचान गरिनेछ ।

८.१.२ खेल अनुशासन र यसको महत्वलाई मध्यनजर गरी खेलाडीहरुलाई विशेष प्रशिक्षण प्रदान गरिनेछ ।

८.१.३ उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा अनुशासनहिन खेलाडीहरुलाई दुवै पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

८.१.४ अन्तराष्ट्रिय अभिसन्धि अनुसार खेलकुदमा प्रतिबन्धित औषधीहरु बारे जनचेतना अभिबृद्धि गर्ने र यसको दुरुपयोगलाई नियन्त्रण गर्न स्थानीय संयन्त्र निर्माण गरि व्यापक सचेतना अभिबृद्धि गरिनेछ ।

८.१.५ अनुशासन उल्लङ्घन गर्ने खेलाडीहरुलाई खेल मापदण्ड अनुसार अयोग्य ठहर गरिनेछ।

रणनीति ८.२ खेलकुद चिकित्सा विज्ञानका सिद्धान्तहरुलाई व्यवहारमा उतार्ने ।

कार्यनीति ८.२.१ प्रत्येक खेलाडीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने प्रबन्ध गरिनेछ ।

८.२.२ खेल अनुसार शारीरिक तन्दुरुस्ती कायम गरी पोषणलाई सन्तुलन गर्न पोषणयुक्त खुराकको बारेमा खेलाडीहरुलाई नियमित रुपमा सु-सूचित गरिनेछ ।

८.२.३ खेलाडीहरुलाई स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने स्वयंसेवकको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ ।

८.२.४ खेल चिकित्सामा पछिल्लो समय भएका नयाँ विकास र प्रविधिहरुको बारेमा नियमित जानकारी गराईनेछ ।

८.२.५ पालिकास्तरमा खेलाडीहरुको स्वास्थ्यलाई मध्य नजर गरी चिकित्सकहरुको टोली निर्माण गरिनेछ ।

८.२.६ खेलाडीहरुको मापदण्डका आधारमा बीमा गरिनेछ ।

# खण्ड - ३: युवा रणनीति

## ३.१ नगरपालिकाको युवा सम्बन्धी संक्षिप्त विवरण

राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहको युवा परिभाषित गरेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्याको ४२.५६ प्रतिशत हिस्सा युवा जनशक्तिले ओगटेको छ । राष्ट्र विकासको मूलप्रवाहमा युवाको समावेशिताका लागि युवाको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सक्षम र प्रतिस्पर्धी युवा, मानव संसाधन तयार गर्ने आजको युगको आवश्यकता हो। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ रहेका युवाहरूको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेको खण्डमा राष्ट्रले ठुलो फड्को मार्ने निश्चित छ। विकास र समृद्धिको संवाहकका रुपमा रहेका युवाको जागरण, सोच, श्रम प्रतिको धारणा, लोकतन्त्र र सुशासनप्रतिको प्रतिबद्धता जस्ता विषयले समग्र देशको भविष्य निर्धारण गर्ने हुँदा युवामा निहित उर्जालाई सकरात्मक गति प्रदान गर्न नगरपालिकाले युवा रणनीति तयार गरेको छ। यो रणनीतिले युवाको क्षमताको पहिचान र विकास गरी समग्र नगरपालिकाको विकासलाई नेतृत्व प्रदान गर्न सक्ने युवा जनशक्ति तयार गर्ने सोच राखेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार चौदण्डीगढी नगरपालिकाको १५ देखि ३९ वर्ष जनसंख्या ३२,९५० अर्थात ६१.४४ प्रतिशत रहेको छ ।

## ३.२ नगरपालिकाको युवा रणनीति

### ३.२.१ प्रमुख सम्भावना र अवसर

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ युवा जनशक्ति लक्षित नीति तथा कार्यक्रम, युवाशक्तिलाई सकारात्मक दिशामा केन्द्रित गर्न स्वस्थ्य प्रतिस्पर्धा र मनोरञ्जनात्मक खेलकुद र साँस्कृतिक कार्यक्रम, उद्देश्यमूलक समूहको गठन जस्ता कार्यलाई नगरपालिकाले प्राथमिकतापूर्वक सञ्चालनमा ल्याएको । |
| ▪ नगरपालिकाले युवा क्लव तथा वडा स्तरीय बाल क्लवहरुलाई व्यवस्थित रुपमा संचालन गर्ने नीति लिएको । |
| ▪ नगरपालिकाले नगरस्तरीय खेलकूद समितिसँगको समन्वयमा स्थानीय तथा राष्ट्रिय स्तरका खेल प्रतियोगिता नियमित रुपमा संचालन गर्ने नीति अगाडी सारेको । |
| ▪ प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगार युवालाई निर्वाहमूखी रोजगारीको व्यवस्था गरिरहेको छ भने गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी युवाको आवश्यकतामा आधारित तालिम, क्षमता विकास कार्यक्रम सञ्चालन गरी आर्थिक सबलीकरण गर्न सकिने । |
| ▪ नगरपालिकामा उपलब्ध सामाजिक, आर्थिक, शैक्षिक अवसरको सदुपयोग गरी युवामा नवीनता, अन्वेषणात्मकता, उद्यमशीलता र स्वरोजगारमूखी अवधारणाको समेत विकास गर्न सक्ने अवसर उपलब्ध रहेका । |
| ▪ युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके नगरपालिकाको विकासमा कायापलट हुन सक्ने । |
| ▪ गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आबद्ध गराउन सकिने । |

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ▪ नगरपालिकाले दुर्व्यवसनमा परेका युवा जनशक्तिहरूलाई समाजमा पुनःस्थापना गराउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै अगाडी बढ्ने नीति लिएको । |

### ३.२.२ प्रमुख समस्या र चुनौती

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका अवसरको खोजीमा युवा शक्ति नगरपालिकाबाट अन्यत्र पलायन भइरहेको वर्तमान अवस्थालाई समयमा व्यवस्थापन गर्न नसकिएमा भावी दिनमा यस नगरपालिकामा विकासको लागि आवश्यक श्रमशक्तिको अभाव खट्कन सक्ने चुनौती रहेको । |
| ▪ नगरपालिकाको युवाको शैक्षिक, आर्थिक र रोजगारीको अवस्थाबारे खण्डीकृत तथ्याङ्क उपलब्ध नहुनु । |
| ▪ लक्षित समूहका लागि कार्य गर्ने निकाय र संस्थाबिच पर्याप्त समन्वय र सहकार्य नहुनु । |
| ▪ सञ्चालित कार्यक्रम नतिजामूखी र प्रभावकारी नहुनु । |
| ▪ प्रधानमन्त्री युवा रोजगार कार्यक्रमले युवाको आवश्यकता र मागलाई सम्बोधन गर्न नसक्नु । |
| ▪ युवामा उद्यमशिलता र नवीन सोचको कमी हुनु । |
| ▪ स्वरोजगार भन्दा रोजगारमूखी प्रवृत्ति व्याप्त रहेको । |
| ▪ नागरिक शिक्षा र चेतना, श्रमको सम्मान गर्ने प्रवृत्ति, सामाजिक व्यवहार र धरोहरको सम्मान, लोकतन्त्र र न्याय प्रणाली प्रति विश्वास सिर्जना गर्न संघ, प्रदेश र स्थानीय तहले नीति, बजेट र कार्यक्रमगत रुपमा संयुक्त पहल गर्नुपर्ने । |

### ३.२.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

| दीर्घकालिन सोच |
|---|
| श्रमशिल, कर्मठ र दक्ष युवा जनशक्ति निर्माण |
| **लक्ष्य** |
| नवीनता, उद्यमशील तथा श्रमको सम्मान गर्ने सोचयुक्त र विकास तथा समृद्धि प्रति प्रतिबद्ध युवाशक्ति तयार गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु ।<br>✓ आधारभूत तथा जीवनोपयोगी शिक्षामा सबै युवाको पहुँच सुनिश्चित गर्नु ।<br>✓ आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा र सामाजिक सुरक्षामा सबै आर्थिक अवस्थाका युवाको पहुँच सुनिश्चित गर्नु ।<br>✓ नगरपालिकामा आन्तरिक रोजगारीको अवसर बृद्धि र वैदेशिक रोजगारीलाई व्यवस्थापन गर्न पहल गर्नु ।<br>✓ युवा सहभागिता, सशक्तिकरण तथा नेतृत्व विकास गर्नु ।<br>✓ कला, साहित्य, सँस्कृतिको संरक्षणमा युवाको योगदान अभिवृद्धि गर्नु ।<br>✓ खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिमा युवाको संलग्नता बढाई स्वस्थ, अनुशासित र मर्यादित युवा विकास गर्नु । |

- ✓ लागु पदार्थ दुर्व्यसन, मानव बेचबिखन नियन्त्रण लगायतको हिंसा नियन्त्रणमा युवाको योगदान वृद्धि गर्नु ।
- ✓ वातावरण संरक्षण र दिगो विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
- ✓ विज्ञान तथा सूचना प्रविधिको विकास र प्रयोगमा युवाको भूमिका वृद्धि गर्नु ।
- ✓ सबै वर्ग, समूह, लिङ्गका युवाको समावेशी र सहभागितामूलक प्रतिनिधित्व र विकास सुनिश्चित गर्नु ।

**उद्देश्य १. श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु ।**

रणनीति १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।

कार्यनीति १.१.१ पालिकामा रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पारिनेछ ।

१.१.२ पालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ ।

रणनीति १.२ दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने ।

कार्यनीति १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्ध दक्षमानव स्रोतलाई लक्षित गरी उनीहरूको रुची र झुकाव अनुसार नियमित सिप विकास रोजगारीमूलक उत्प्रेरणामुलक तालिम सञ्चालन गरिनेछ ।

१.२.३ गायन, वाद्यवाधन, नृत्य, कला, अभिनय आदिमा विशेष रुची भएका युवाको पहिचान गरी वडास्तरीय समितिमा आबद्ध गराई उनीहरूलाई विशेष तालिम प्रदान गरिनेछ ।

१.२.४ कुनै पनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत समेटी गाउँघरमा आवश्यक अर्ध दक्ष कामहरू जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषि श्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिनेछ ।

१.२.५ नगरपालिकाभर सञ्चालनमा रहेका युवा क्लवहरूको अभिलेखीकरण गरी प्रत्येक क्लवलाई युवाका सरोकार समाधान गर्ने केन्द्रको रुपमा विकास गर्ने एक नगरपालिकास्तरीय युवा सम्मेलनको आयोजना गरिनेछ ।

१.२.६ यस प्रकारका युवाक्लवका क्रियाकलापलाई संस्थागत रुपमा विकास गर्न केन्द्रिय स्तरमा सफल युवाहरूसँग साक्षात्कार गरी युवा क्लबलाई साधन श्रोत सम्पन्न गराइनेछ ।

१.२.७ कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोऱ्याउन अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२.८ युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनीहरूको थप नेतृत्व विकास तथा उद्यमशिल विकास तालिम सञ्चालन गरिनेछ ।

१.२.९ जीवन निर्वाहमा कठिनाई भोगी बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई उत्थान गर्न वस्तुगत युवा उत्थान कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्देश्य २. आधारभूत तथा जीवनोपयोगी शिक्षामा सबै युवाको पहुँच सुनिश्चित गर्नु ।**

रणनीति २.१ आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।

कार्यनीति २.१.१ नगरपालिकाका सबै युवालाई कम्तिमा माध्यमिक शिक्षा सुनिश्चितता गरिनेछ ।

२.१.२ व्यवहारिक, सीपमूलक र जीवनोपयोगी शिक्षा मार्फत आत्मनिर्भर युवा जनशक्ति तयार गरिनेछ ।

२.१.३ पालिकामा उपलब्ध प्राकृतिक स्रोत र प्रयोगको सम्भाव्यताको आधारमा प्राविधिक र व्यवसायिक विद्यालय स्थापना गरिनेछ ।

२.१.४ आर्थिक रुपले विपन्न र जेहेन्दार युवाको उच्च शिक्षा हासिल गर्ने आकांक्षालाई सहजिकरण गर्न शैक्षिक सहायता कोष स्थापना गरिनेछ ।

२.१.५ नागरिकको अधिकार र कर्तव्यप्रति जागरुक युवा तयार गर्न विद्यालय तहदेखि नै नागरिक शिक्षालाई प्राथमिकता दिइनेछ ।

**रणनीति** २.२ युवालाई स्वेच्छिक रुपमा विकास निर्माणमा सहभागी हुन प्रेरित गर्ने ।

**कार्यनीति** २.२.१ नगरपालिका स्थायी ठेगाना भई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा ख्याती प्राप्त नेपाली तथा गैर नेपाली युवालाई नगरपालिकाको विकास निर्माण र विपद्को समयमा स्वयंसेवकको रुपमा कार्य गर्न प्रेरित गरिनेछ ।

२.२.२ नगरपालिकाभित्रका आर्थिक रुपले विपन्न, जेहेन्दार र अब्बल युवालाई उच्च र प्राविधिक शिक्षा आर्जनको लागि विशेष छात्रावृत्ति र सहुलियतपूर्ण कर्जा प्रवाहको लागि बैङ्क तथा वित्तीय संस्थासँग सहजिकरण गरिनेछ ।

**रणनीति** २.३ शिक्षा र सीप बिच सहसम्बन्ध स्थापित गर्ने ।

**कार्यनीति** २.३.१ नगरपालिकामा सञ्चालनमा रहेका उद्योग, कलकारखाना र प्राविधिक शिक्षालयबिच निरन्तर अध्ययन, अवलोकन भ्रमणको लागि प्रोत्साहन गरिनेछ ।

२.३.२ स्थानीय श्रम बजारको माग अनुसारको तालिम र सीप विकास कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्रका तालिम प्रदायक निकायलाई अभिमूखीकरण गरिनेछ ।

२.३.३ औपचारिक शिक्षाबाट बञ्चित युवाका आवश्यकता र मागमा आधारित सीपमूलक तालिम र साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

२.३.४ सबै विद्यालयमा इन्टरनेटको सुविधा सुनिश्चित गरिनेछ ।

२.३.५ सामुदायिक विद्यालयमा विद्युतीय पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाका लागि आवश्यक पूर्वाधार तयार गर्न नगरपालिकाले आर्थिक सहयोग गर्नेछ ।

## उद्देश्य ३. आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा र सामाजिक सुरक्षामा सबै आर्थिक अवस्थाका युवाको पहुँच सुनिश्चित गर्नु ।

**रणनीति** ३.१ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने ।

**कार्यनीति** ३.१.१ आधारभूत स्वास्थ्य सेवा, सुविधा र सूचना नगरपालिकाका सबै स्वास्थ्य केन्द्रबाट प्राप्त हुने सुनिश्चितता गरिनेछ ।

३.१.२ व्यक्तिगत स्वास्थ्य, आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन जस्ता विषयमा विद्यालय शिक्षाका अतिरिक्त सञ्चारका माध्यम समेतको प्रयोग गरी प्रचार प्रसार गरिनेछ ।

३.१.३ सर्ने र नसर्ने रोगको बारेमा युवामा सचेतना अभिवृद्धि गरिनेछ ।

३.१.४ पालिकामा प्रत्येक वर्ष गम्भिर रुपमा देखिने स्वास्थ्य समस्याको पहिचान गरी समयमा नै रोकथाम र उपचार सम्बन्धी तयारी गरिनेछ ।

३.१.५ गम्भिर र घातक प्रकृतिका रोगका बिरामीलाई आर्थिक सहयोगको लागि नगरपालिकास्तरमा स्वास्थ्य सहयोग कोषको स्थापना गरिनेछ ।

रणनीति ३.२ विभिन्न आर्थिक समूहका युवाको सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने ।

कार्यनीति ३.२.१ आर्थिक अवस्थाका कारण स्वास्थ्य उपचार गर्न नसक्ने अवस्थाका नगरपालिकाबासीलाई आर्थिक सहायता, निशुल्क र सहुलियतपूर्ण स्वास्थ्य सेवाको लागि सिफारिस पत्र प्रदान गरिनेछ ।

३.२.२ युवाको शारीरिक, मानसिक, संवेगात्मक स्वास्थ्य प्रवर्द्धनका लागि खेलकुद, मनोरञ्जनात्मक कार्यक्रम, मनोपरामर्श अभियान सञ्चालन गरिनेछ ।

३.२.३ आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारको कार्यान्वयन गर्न योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

३.२.४ नगरपालिकाको खाद्य सुरक्षा अवस्थाबारे स्थितीपत्र तयार गरिनेछ ।

३.२.५ मातृशिशु स्वास्थ्य बारेमा सचेतना वृद्धि गर्न सुनौलो हजार दिन अवधिमा गनुपर्ने विशेष स्याहार सुसार सम्बन्धमा घरपरिवारका सदस्यलाई सु-सूचित गराउने अभियान सञ्चालन गरिनेछ ।

३.२.६ परिवार योजना, गर्भान्तरको स्थायी/अस्थायी साधन, सुरक्षित गर्भपतन आदि विषयमा सबै स्वास्थ्य संस्थाबाट सहजै सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

३.२.७ महिलाको पाठेघर, स्तन क्यान्सर लगायतका रोग पहिचान गर्न घुम्ती स्वास्थ्य शिविर, निशुल्क स्वास्थ्य परीक्षण लगायतका कार्यक्रम सञ्चालन गरिनेछन् ।

रणनीति ३.३ स्वस्थ जीवनशैली अवलम्बन गर्ने ।

कार्यनीति ३.३.१ युवाको स्वस्थ आहार, विहार र चिन्तन शैलीलाई प्रवर्द्धन गर्न परम्परागत चिकित्सा पद्धतिको संरक्षण र अवलम्बन गरिनेछ ।

३.३.२ स्वस्थ्य जीवनशैली विकासको लागि योग, ध्यान, व्यायामशाला सञ्चालन गरिनेछ ।

३.३.३ मौसमजन्य रोगको रोकथाम र उपचार पद्धतिबारे जनचेतना अभिवृद्धि गरिनेछ ।

## उद्देश्य ४. नगरपालिकामा आन्तरिक रोजगारीको अवसर बृद्धि र वैदेशिक रोजगारीलाई व्यवस्थापन गर्न पहल गर्नु ।

रणनीति ४.१ आन्तरिक रोजगारी सिर्जनालाई प्राथमिकता दिने ।

कार्यनीति ४.१.१ नगरपालिकास्तरमा रोजगारीको अवसर र उपलब्धताको सम्भाव्यता अध्ययन गर्ने ।

४.१.२ नगरपालिकामा रोजगारी सिर्जना सम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

४.१.३ नगरपालिकाको पूर्वाधार विकास नीति अन्तर्गत कृषि, पर्यटन, होटल व्यवसाय जस्ता बढी श्रमशक्ति खपत र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रको विकासलाई प्राथमिकता दिइनेछ ।

४.१.४ युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न इच्छुक युवालाई सरकारी सेवा सम्बन्धी अभिमूखीकरण र तयारी कक्षा सञ्चालन गरिनेछ ।

४.१.५ सहकारी संस्था मार्फत स्वरोजगारी/रोजगारी सिर्जना गर्ने सोच भएका युवालाई सहुलियत ब्याजदरमा कर्जा प्रदान गरिनेछ ।

४.१.६ प्राविधिक ज्ञान, सीप तथा उद्यमी सोच भएका तर पूँजीको अभावमा रहेका युवालाई प्रमाण पत्रका आधारमा सहुलियतपूर्ण उद्योग कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थासँग सहजीकरण गरिनेछ ।

४.१.७ युवाद्वारा स्थापित र सञ्चालित उत्पादनमूलक उद्योगलाई सहुलियतपूर्ण कर्जा, मेशिन औजारमा अनुदान, कर छुटका व्यवस्था गरिनेछ ।

४.१.८ कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण मार्फत बेरोजगार युवालाई रोजगारीको अवसर प्रदान गरिनेछ ।

४.१.९ प्रधानमन्त्री रोजागार कार्यक्रमको प्रभावकारिता र दिगोपनाको बारेमा अध्ययन गरिनेछ।

४.१.१० स्थानीय बजारमा सुरक्षित र मर्यादित श्रम अभ्यासको सुनिश्चितताका लागि नगरपालिकाबाट नियमित अनुगमन गरिनेछ ।

४.१.११ वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगारी र उद्यम गर्न मागमा आधारित तालिम सञ्चालन गरिनेछ ।

४.१.१२ वैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई उत्पादनमूखी र आयआर्जन हुने क्षेत्रमा लगानी गर्न रेमिट्यान्स प्राप्त गर्ने परिवारलाई अभिमूखीकरण गरिनेछ ।

४.१.१३ वैदेशिक रोजगारीमा जाने महिलाका लागि मर्यादित रोजगारीको लागि सीप विकास तालिम सञ्चालन गर्ने तथा सुरक्षाको उपाय बारे अभिमूखीकरण गरिनेछ ।

४.१.१४ वैदेशिक रोजगारीमा जान चाहने युवालाई श्रम गन्तव्य मुलुकको कानूनी व्यवस्था, सामाजिक साँस्कृतिक चालचलन, भौतिक वातावरण, आवश्यक सीप लगायतका विषयमा जानकारी प्रदान गरिनेछ ।

४.१.१५ वैदेशिक रोजागारीको क्रममा शारीरिक, मानसिक, संवेगात्मक, पारिवारीक विचलनमा परेका युवालाई परिवार र समाजमा पुर्नस्थापनाका लागि आर्थिक सहायता मनोपरामर्श र स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

४.१.१६ विदेशमा विभिन्न कारणले सजाय भोगिरहेका युवालाई कानुनी सहायता प्रदान गर्न तहगत सरकार, युवा सञ्जाल, कुटनैतिक नियोगमा मार्फत कानूनी सहायता प्रदान गरिनेछ ।

रणनीति ४.२ श्रम सम्बन्धी हकको कार्यान्वयनमा सहजीकरण गर्ने ।

कार्यनीति ४.२.१ समान कामका लागि समान ज्याला/तलब सुनिश्चित गर्न नगरपालिकाबाट नियमित अनुगमन गरिनेछ ।

४.२.२ जोखिमयुक्त क्षेत्रमा कार्य गर्ने कामदारको अनिवार्य बीमाको व्यवस्थालाई कार्यान्वयन गर्न पहल गरिनेछ ।

## उद्देश्य ५. युवा सहभागिता, सशक्तिकरण तथा नेतृत्व विकास गर्नु ।

रणनीति ५.१ राष्ट्रिय जीवनमा ख्याती प्राप्त सफल युवा तथा उद्यमीहरुको सहयोगमा युवा अभिमूखीकरणका कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गर्ने ।

कार्यनीति ५.१.१ उद्देश्यमूलक र रचनात्मक युवा समूह बनाउन आवश्यक मार्गदर्शन तयार गरिनेछ ।

५.१.२ युवाको आर्थिक, सामाजिक, राजनीतिक एवं साँस्कृतिक सशक्तिकरणका लागि आयआर्जनमूलक कार्यक्रम, क्षमता विकास तालिम, नेतृत्व विकास लगायतका कार्यक्रम गरिनेछ ।

५.१.३ युवाद्धारा स्थापित र सञ्चालित उत्पादनमूलक उद्योगलाई सहुलियतपूर्ण कर्जा, मेसिन औजारमा अनुदान, कर छुटका व्यवस्था गरिनेछ ।

५.१.४ अध्ययन, अन्वेषण तथा अनुसन्धानको क्षेत्रमा युवा आकर्षण बढाउन अन्तर स्थानीय तह अनुसन्धान प्रतिस्पर्धा सञ्चालन गरिनेछ ।

५.१.५ विभिन्न उद्देश्यमूलक युवा समूहलाई युवा माझ राजनीति, प्रशासन, सेवा प्रवाह जस्ता विषयमा रचनात्मक बहस, छलफल, अन्तरक्रिया आयेजना गर्न प्रोत्साहन गरिनेछ ।

५.१.६ स्थानीयस्तरमा आउन सक्ने प्राकृतिक तथा मानवीय विपद् सामाना गर्न युवा स्वयंसेवक दस्ता तयार गरिनेछ ।

५.१.७ युवामा आत्मरक्षा, मानवीय सहायता जस्ता सीपको विकास गर्न स्काउट, स्वयंसेवा दस्ताबाट प्रशिक्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५.१.८ बालविवाह, बहुविवाह, दाइजो लगायतका सामाजिक कु-प्रथाको अन्त्य गर्न युवा, महिला र आमा समूह परिचालन गरिनेछ ।

५.१.९ पालिका क्षेत्रबाट प्रतिनिधित्व गर्ने र विभिन्न क्षेत्रमा स्थापित क्षमतायुक्त युवाको पहिचान र कदर गरिनेछ ।

५.१.१० लागु औषधि दुर्व्यसनी, मानव बेचबिखन, सिमापार हुने आर्थिक र मानवीय अपराध नियन्त्रण गर्न युवा शक्तिलाई परिचालन गरिनेछ ।

५.१.११ राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने रचनात्मक सोच र सीपयुक्त युवा समूह गठन गर्न युवालाई प्रोत्साहन गरिनेछ ।

५.१.१२ सार्वजनिक नीति र विकास निर्माणका विषयमा जिम्मेवारी र जवाफदेहिता विकास गर्न युवाको सहभागिता सुनिश्चित गरिनेछ ।

५.१.१३ विद्यालय, सामुदायिक वन, अस्पताल लगायतका सार्वजनिक महत्वका स्थल र पूर्वाधार व्यवस्थापनमा युवाको जिम्मेवारी बढाइनेछ ।

## उद्देश्य ६. कला, साहित्य, सँस्कृतिको संरक्षणमा युवाको योगदान अभिवृद्धि गर्नु ।

**रणनीति** ६.१ नगरपालिकामा प्रचलित कला, साहित्य, सँस्कृतिको संरक्षणमा युवालाई क्रियाशील बनाउने ।

**कार्यनीति** ६.१.१ नगरपालिकाका प्रचलित र लोपोन्मुख कला, साहित्य र सँस्कृतिको खोज तथा अनुसन्धान गरी अभिलेखीकरण गरिनेछ ।

६.१.२ परम्परागत र मौलिक सँस्कृतिको जर्गेना गर्न अन्तरपुस्ता अनुभव आदान प्रदान मार्फत अपनत्व विकास गरिनेछ ।

६.१.३ कला, साहित्य, सँस्कृतिको क्षेत्रमा निरन्तर योगदान गर्ने युवा पुस्तालाई सम्मान गरिनेछ ।

६.१.४ विविध जातजाति भाषाभाषिको कला, साहित्य, संस्कार सँस्कृति प्रति सम्मान भावको विकास गर्ने मेला पर्व र उत्सव आयोजना गरिनेछ ।

## उद्देश्य ७. खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिमा युवाको संलग्नता बढाई स्वस्थ, अनुशासित र मर्यादित युवा विकास गर्नु ।

रणनीति ७.१ नगरपालिकामा खेलकुद र मनोरञ्जन मार्फत स्वस्थ युवा जनशक्ति तयार गर्ने ।

कार्यनीति ७.१.१ नगरपालिकाले खेलकुद पूर्वाधारको उपलब्धता र निर्माणको सम्भाव्यता बारे अध्ययन गर्नेछ ।

७.१.२ मानसिक र शारीरिक सुस्वास्थ्य, अनुशासन र समुहगत कार्यमा खेलकुदको योगदान बारे विद्यालय, घरपरिवार र सबै पक्षबाट युवालाई अभिमूखीकरण गरिनेछ ।

७.१.३ विद्यालय तह देखि नै खेलकुद र स्वस्थ मनोरञ्जनात्मक गतिविधिलाई तालिकाबद्ध तवरबाट सञ्चालन गरिनेछ ।

७.१.४ नगरपालिकाको विभिन्न क्षेत्रमा प्रचलित खेल, मेला, पर्व आदिको बारेमा जानकारीमूलक ब्रोसर निर्माण गरिनेछ ।

७.१.५ खेलाडीलाई स्थानीय, प्रादेशिक र राष्ट्रिय तहको प्रतिस्पर्धाको लागि नियमित प्रशिक्षणको व्यवस्था गरिनेछ ।

७.१.६ स्थानीय खेलाडीमा व्यवसायिकता र खेल जीवन सक्रिय बनाइ राख्न जीविको पार्जनको लागि न्युनतम आर्थिक सहायता प्रदान गरी उत्प्रेरित र सम्मानित महशुस गराइनेछ ।

७.१.७ महिला, अपाङ्गता भएका व्यक्ति आदि लक्षित समूहका लागि रुची र क्षमता अनुसारको प्रतिस्पर्धा आयोजन नगरपालिकाले निजी, गैरसरकारी र अन्य संस्थासँग साझेदारी गर्नेछ ।

७.१.८ नगरपालिकाका विभिन्न स्थलमा वनभोज, साँस्कृतिक झाँकी, नाटक प्रर्दशनी आदि आयोजना गरी स्वस्थ मनोरञ्जनात्मक गतिविधिमा युवाको संलग्नता बढाइनेछ ।

## उद्देश्य ८. लागु पदार्थ दुर्व्यसन, मानव बेचविखन नियन्त्रण लगायतको हिंसा नियन्त्रणमा युवाको योगदान वृद्धि गर्नु ।

रणनीति ८.१ युवालाई रचनात्मक कार्यमा संलग्न गराई सक्रिय र समृद्ध समाज निर्माणमा योगदान वृद्धि गर्ने ।

कार्यनीति ८.१.१ कला साहित्य, खेलकुद, मनोरञ्जन, सामाजिक निर्माणका कार्य जस्ता क्षेत्रमा युवाको संलग्नता बढाई दुर्व्यसनी लगायतका अपराधजन्य कार्यमा फस्नबाट रोकिनेछ ।

८.१.२ विभिन्न कारणले अपराध र अपराधजन्य कार्यमा फसेका युवालाई सबै सरोकारवालासँगको समन्वयमा पुर्नस्थापना र सामाजिक एकीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१.३ विभिन्न माध्यम र उद्देश्यबाट भइरहेको नेपाली युवाको तस्करी रोक्न तहगत सरकार, सुरक्षा निकाय र सञ्चार माध्यमबिच नियमित अन्तरक्रिया गरी कार्ययोजना तयार गरिनेछ ।

८.१.४ मानव बेचविखन र हिंसाको जोखिममा भएका समूहको पहिचान गरी आर्थिक, सामाजिक र कानूनी संरक्षणका कार्यक्रम गर्न सहकारी, निजी, गैरसरकारी, अधिकारवादी समूहसँग लागत साझेदारी गरिनेछ ।

८.१.५ वैदेशिक रोजगारी र अन्य अवस्थामा मानव बेचबिखनमा परेका नेपाली युवालाई कानूनी सहायता, उद्धार, पुर्नस्थापन गर्न नगरपालिकाले संघीय, प्रादेशिक सरकार, विदेशस्थित कुटनैतिक नियोगसँग सञ्चार, समन्वय र सहकार्य गर्नेछ ।

८.१.६ लागु पदार्थ दुर्व्यसन, मानव बेचविखन नियन्त्रण लगायतको हिंसा नियन्त्रणमा सामाजिक सञ्जाल, युवा समूह र सो क्षेत्रमा कार्यरत संघ संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् ।

८.१.७ नगरपालिकाको शान्ति सुव्यवस्था र विकासको रणनीति लागू गर्न लागि प्रहरी, प्रशासन लगायतका राज्यका संरचनासँगको युवा समूहलाई अन्तरक्रिया, अभिमूखीकरण, खोज तथा अनुसन्धानमा सहयोगी भूमिका प्रदान गरिनेछ ।

## उद्देश्य ९. वातावरण संरक्षण र दिगो विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

**रणनीति** ९.१ विकासका एजेण्डा बारेमा युवा वर्गलाई सु-सूचित गराउने ।

**कार्यनीति** ९.१.१ नगरपालिकाभित्र प्राकृतिक रुपमा उपलब्ध स्रोत र मानव निर्मित महत्वपूर्ण सार्वजनिक सम्पत्तिको अभिलेख तयार गरिनेछ ।

९.१.२ संघ, प्रदेश र नगरपालिकाको आवधिक योजना अनुसार सामाजिक, आर्थिक समृद्धिका लागि हासिल गर्नुपर्ने क्षेत्रगत परिमाणात्मक लक्ष्यका बारेमा युवा समुह, सञ्जाललाई अभिमूखीकरण गरिनेछ ।

९.१.३ नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता अनुसार स्थानीयतहले हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य, जलवायु परिवर्तन जस्ता विकास एजेण्डाको बारेमा युवा वर्गलाई सु-सूचित गराइनेछ ।

९.१.४ पालिकाको नीति निर्माण र आयोजना छनौटमा युवाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

९.१.५ विकास निर्माणका कार्य सञ्चालन गर्दा वन जंगल संरक्षण नदीजन्य सामाग्रीको सदुपयोग, प्रकृतिको दोहनबारे निगरानी गर्न युवालाई परिचालन गरिनेछ ।

## उद्देश्य १०. विज्ञान तथा सूचना प्रविधिको विकास र प्रयोगमा युवाको भूमिका वृद्धि गर्नु ।

**रणनीति** १०.१ विज्ञान, प्रविधि, सूचना तथा सञ्चारको विकास र प्रयोग अभिवृद्धि गर्ने ।

**कार्यनीति** १०.१.१ प्रविधिको विकास र सकारात्मक प्रयोगलाई प्रोत्साहन र नियमन गर्न आवश्यकतानुसार कानून निर्माण गरिनेछ ।

१०.१.२ स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थको प्रयोग गरी जीवनोपयोगी प्रविधिको विकास गर्न युवालाई प्रोत्साहन गरिनेछ ।

१०.१.३ माध्यमिक विद्यालय र विज्ञान विषय पढाई हुने कलेजलाई विज्ञान प्रयोगशाला र आधुनिक पुस्तकालय स्थापना गर्न नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१०.१.४ विज्ञान तथा प्रविधिमा विशेष रुची भएका र आर्थिक रुपले विपन्न युवालाई नगरपालिकामा Innovative Fund स्थापना गरी युवा वैज्ञानिक उत्पादन गर्न आर्थिक सहायता प्रदान गर्नेछ ।

१०.१.५ परम्परागत पेशाको आधुनिकीकरण, कृषि वस्तु उत्पादन, माग र आपूर्ति जस्ता कार्यलाई आधुनिक सूचना तथा सञ्चारको प्रयोग गरी प्रचार प्रसार गरिनेछ ।

१०.१.६ अध्ययन, अन्वेषण तथा अनुसन्धानको क्षेत्रमा युवा आर्कषण बढाउन अन्तर स्थानीय तह अनुसन्धान प्रतिस्पर्धा सञ्चालन गरिनेछ ।

१०.१.७ युवालाई विज्ञान प्रविधिका नवीनतम खोज तथा अनुसन्धानसँग परिचित गराउन राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा अध्ययन भ्रमण र अवलोकनको लागि अनुदान प्रदान गरिनेछ ।

## उद्देश्य ११. सबै वर्ग, समूह, लिङ्गका युवाको समावेशी र सहभागितामूलक प्रतिनिधित्व र विकास सुनिश्चित गर्नु ।

**रणनीति** ११.१ लक्षित समूहका युवालाई आर्थिक, सामाजिक, राजनैतिक रुपमा सशक्त नीति तथा विकास निर्माणमा अर्थपूर्ण सहभागिता बढाउने ।

**कार्यनीति** ११.१.१ आर्थिक रुपले पछाडि परेका युवालाई विकासको मूल धारमा समावेश गर्न सीप र आयआर्जनमूलक तालिम प्रदान गरिनेछ ।

११.१.२ उद्योग सञ्चालन गर्न मेशिन औजार तथा बीउ पूँजी अनुदानमा प्रदान गरिनेछ ।

११.१.३ तहगत सरकार, विभिन्न निकाय र राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थाले प्रदान गर्ने अनुदान सहायता परिचालनको प्रभावकारिताको अध्ययन, अनुगमन र मूल्याङ्कन गरिनेछ ।

११.१.४ शैक्षिक रुपले पछाडि परेका लक्षित समूहका युवालाई सरल र सहज शैक्षिक कर्जा उपलब्ध गराई उच्च शिक्षाको अवसर प्रदान गरिनेछ ।

११.१.५ निर्वाचन, मनोनयन जस्ता प्रक्रियामा कानूनद्वारा तोकिएको सबै वर्ग, समुह, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्न स्वतन्त्र निकायद्वारा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

११.१.६ अपाङ्ग तथा छात्रामैत्री शैक्षिक पूर्वाधारको निर्माण सञ्चालनको सुनिश्चितता गर्न निरन्तर अनुगमन गरिनेछ ।

११.१.७ प्राविधिक तथा व्यवसायिक पेशा अपनाउन चाहने फरक क्षमता भएका युवालाई रोजगारीमा प्राथमिकता दिन निजी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायसँग बहस, पैरवी गरिनेछ ।

११.१.८ अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख समूहका युवाको समन्यायिक विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकासका कार्यमा आरक्षण, विशेष प्राथमिकता दिइनेछ ।

११.१.९ बैङ्क तथा वित्तीय संस्थासँगको समन्वयमा नगरपालिका क्षेत्रका सबै युवाको अनिवार्य खाता खोल्ने अभियान सञ्चालन गरिनेछ ।

११.१.१० परम्परागत पेशा व्यवसाय अंगाल्न चाहने युवालाई मेशिन, औजारमा अनुदान प्रदान गरिनेछ ।

११.१.११ खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्य संकटापन्न क्षेत्रमा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउन तहगत सरकारसँगको समन्वयमा नगरपालिकामा एक संयन्त्र स्थापना गरिनेछ ।

# खण्ड - ४: विविध

## ४.१ संस्थागत व्यवस्था

युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सामाजिक विकास मन्त्रालय र नगरपालिकाको युवा तथा खेलकुद विकास शाखाका बिचमा बृहत समन्वय गरी समग्र खेल क्षेत्रको विकास गर्न एक नगरपालिकास्तरीय युवा तथा खेलकुद विकास समितिको गठन गरिनेछ । समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | नगर प्रमुख |
| सह अध्यक्ष | : | नगर उप-प्रमुख |
| विभिन्न खेलका बरिष्ठ खेलाडी | : | सदस्य |
| सार्वजनिक जिवनमा ख्यातिप्राप्त सफल युवा मध्ये प्रतिनिधि | : | सदस्य |
| विभिन्न खेलका वरिष्ठ प्रशिक्षक | : | सदस्य |
| खेल विशेषज्ञ मध्येबाट (आवश्यक संख्यामा) | : | सदस्य |
| सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये प्रतिनिधि | : | सदस्य |
| राष्ट्रिय रुपमा ख्याति प्राप्त नगरपालिकाका खेलाडीहरु मध्ये प्रतिनिधि | : | सदस्य |
| आवश्यक संख्यामा खेल क्षेत्रका अन्य प्रतिनिधि | : | सदस्य |
| नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख | : | सदस्य सचिव |

**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

- खेलकुद सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन अनुगमन र मुल्याङ्कन गर्ने ।
- खेलकुद विकास लागि आवश्यक पर्ने आर्थिक र प्राविधिक सहयोग जुटाउने ।
- खेलकुद सम्बन्धी विषयको अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने गराउने ।
- खेलकुद क्षेत्रका सम्बन्धित निकायहरु बिच समन्वय गर्ने ।
- खेलकुद विकासमा सरकारी र गैह्र सरकारी संस्थाको सहयोग जुटाउने ।
- निजी क्षेत्र तथा व्यापारिक प्रतिष्ठानहरुलाई खेलकुद विकासमा लगानी गर्न वातावरण निर्माण गर्ने ।
- खेलाडी र प्रशिक्षकहरुको वृत्ति विकास कार्यक्रम सञ्चालन गर्न ।
- खेलकुद प्रतियोगिता आयोजना गर्ने ।
- खेलकुद पूर्वाधारको विकास निर्माण, संरक्षण गर्न ।
- खेल जनशक्तिको विकास गर्न ।
- दण्ड पुरस्कारको व्यवस्था गर्न ।
- खेलकुदका राष्ट्रिय अन्तराष्ट्रिय मापदण्डको पालना गर्ने/गराउने ।

- नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गराउने ।
- खेल क्षेत्रको विकासको नियमित मूल्याङ्कन, अनुगमन र नियमन गर्ने ।

## ४.२ अनुगमन तथा मूल्याङ्कन

यस नगरपालिका युवा तथा खेलकुद विकास रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा खेल क्षेत्रका प्रतिनिधि, विद्यालय प्रतिनिधि, युवा प्रतिनिधि, खेल प्राविधिक, प्रशिक्षक आदि सम्मिलित एक अनुगमन तथा मूल्याङ्कन समितिको गठन गरिनेछ । सो समितिले वार्षिक रुपमा रणनीति कार्यान्वयन भए नभएको विषयमा नियमित अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नेछ ।

## ४.३ खारेजी तथा संशोधन

यस पूर्व युवा तथा खेलकूद रणनीति निर्माण नभएकोले खारेजी र बचाउ गर्न नपर्ने । यद्यपी यस रणनीतिलाई आवश्यकताका आधारमा हरेक ५ वर्षमा पुनरावलोकन गरिनेछ ।